बन्दीपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर ,तनहुँ
२०७३
गण्डकी प्रदेश ,नेपाल

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## बन्दीपुर गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को दफा १३८ (ज) अनुसार बन्दिपुर गाउँपालिकाको वडा नं ०५ ,याम्पामा संकलन गरी राखिएको नदिजन्य पदार्थ (ढुंङा, गिटी, बालुवा आदि ) बिक्री सम्बन्धि गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सुचना ।।

**तेस्रो पटक प्रकाशित मिति : २०७९।१०।११**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) र यस बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकेको दररेटको आधारमा न्युनतम रकमबाट बढाबढ हुने गरी बन्दिपुर गाउँपालिकाको वडा नं ५ ,याम्पामा भण्डारण गरी राखिएको नदिजन्य पदार्थ (ढुंङा, गिटी, बालुवा आदि ) ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल सम्बन्धी कार्यको ठेक्का लिन चाहने ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित सिमामा रही आफ्नो फर्म नविकरण भएको प्रमाणपत्र ,मु.अ.कर दर्ता प्रमाणपत्र .स्थायी लेखा दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०७८/०७९ को कर चुक्ताको प्रमाणित प्रतिलिपी वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण पेश गरी तोकिएको शर्तको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र प्रक्रियामा हार्ड कपिबाट सहभागी हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:-

| ठेक्का नं. | विवरण | बिक्रि गरिने परिमाण (घ.मी) | न्युनतम बोलपत्र रकम (मु.अ.कर बाहेक ) रु: | बोलपत्र दस्तुर रु: | धरौटी रकम रु: |
|---|---|---|---|---|---|
| BRM/NCB/GOODS/RM/07/2079-080 | बन्दीपुर गाउँपालिका वडा नं ०५,याम्पामा संकलित नदिजन्य पदार्थ (ढुंगा,गिट्टी,वालुवा आदि) बिक्री | ११४९४.०५ | २८,४१,३६२.५० | ३००० | कबोल अंकको ५% |

प्रमुख प्रशासकीय अधिकृत

नन्द लाल शर्मा
प्रमुख प्रशासकिय अधिकृत

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

नन्द लाल शर्मा
प्रमुख प्रशासकिय अधिकृत

## बोलपत्रसम्बन्धी शर्तहरु :

१. ठेक्का लिन चाहने ईच्छुक फर्मको हकमा फर्म नविकरण भएको प्रमाणपत्र ,मु.अ.कर दर्ता प्रमाणपत्र .स्थायी लेखा दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०७८/०७९ को कर चुक्ताको प्रमाणित प्रतिलिपी वा आय विवरण पेश गरेको प्रमाणित कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण र ठेक्का लिन चाहने ईच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,बोलपत्र फारम दस्तुर बापत यस कार्यालयम नगदै तिरेको वा ***एन.आई.सी एसिया बैंक शाखा कार्यालय डुम्रेमा*** रहेको यस कार्यालयको ***खाता नं :१४६४१५००२६११२००१*** मा वा बन्दीपुर गाउँपालिकाको कार्यालयको राजश्व शाखामा नगद जम्मा गरेको भौचर साथ निबेदन पेश गरी मिति **२०७९/१०/१७** गते सम्म कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
२. खरिद गरिएको बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबुल गरेको रकम अंक र अक्षरमा प्रष्टसँग लेखी कबोल अंकको कम्तिमा ५ (पाचँ प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको ***एन.आई.सि. एसिया बैंक तनहुँ स्थित बन्दिपुर गा.पा. ग.३. स्थानिय तह धरौटी खाता नं. १४६२०५००२६११२०१०*** मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा ***१२० दिन*** म्याद भएको बैंक जमानतपत्र गोप्य सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकमको अंक अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।
३. खरिद गरेको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई ***मिति २०७९/१०/१८ गते*** दिनको ***१२*** बजे भित्र यस कार्यालयमा हार्ड कपी पेश गर्नु पर्नेछ ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।
५. नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु मिति ***२०७९/१०/१८*** गते दिनको ***१:००*** बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।
६. यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र फाराम बोलपत्रदाता स्वंय वा रितपुर्वकको लिखित बारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।
७. यसपूर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन, तर बोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्नेछैन ।
८. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ. कर (VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।
९. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले ***१५ दिन भित्र*** मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता बापत ***५० प्रतिशत***ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । साथै बाँकी रहेको ***५० प्रतिशत*** रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ***२०८१ पौष*** मसान्त सम्म म्याद भएको रितपूर्वकको कार्यसम्पादन जमानतपत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।
१०. स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका बखत एकमुष्ठ बुझाएमा कबोल अंकको ***५ प्रतिशत*** सम्म छुट दिन सकिनेछ ।
११. घाटगद्दी गरि राखेको स्थानको जग्गा भाडा वापत कुनैपनि रकम दोस्रो पक्षले पहिलो पक्ष संग दावी गर्न पाउने छैन ।
१२. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।
१३. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१४. ढुगा, गिटी, बालुवा, दहत्तर बहत्तरको ढुवानी कार्य सूर्यास्त देखी सूर्योदय नहुँदासम्म गर्न पाईने छैन ।

१५. नदीजन्य पदार्थ ढुवानी तथा ओसारपसार गर्दा यस कार्यालयले तोकेको बाटो मात्र प्रयोग गर्नुपर्नेछ। साथै प्रयोग गरिएको उक्त बाटो यस कार्यालयको निर्देशनमा बोलपत्रदाताले मर्मत सुधार गर्नुपर्नेछ।

१६. पानीले भिजेको र पानी चुहाएर ढुगा, गिटी, बालुवा, दहत्तर, बहत्तर बोकेर ढुवानीका साधन सडकमा गुडाउन पाईने छैन।

१७. ढुवानी साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून विलकारी ढुबानीका साधन सडकमा गुडाउन र नछोपी खुल्ला रुपमा ढुवानी गर्न पाईने छैन।

१८. कुनै पनि बन्द हडताल, प्राकृतिक प्रकोप आदी कारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाईने छैन।

१९. माथि उल्लेखित सर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्कातोडी बांकी रहेको किस्ता कार्यसम्पादन जमानतबाट अशुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईने छ। साथै अशुल गर्न बाकी रकममा १०% प्रतिशत थप क्षतिपूर्ति समेत जोडि सरकारी बांकी सरह अशुलउपर गरिनेछ।

२०. माथी उल्लेखित सर्त नामा बाझिन गएमा स्थानीय सरकार संचालन ऐन, २०७४, यस गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ।

२१. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५२०१२३ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

०७९/१०/१०

नन्द लाल शर्मा
प्रमुख प्रशासकिय अधिकृत

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३